मिति : २०८०/०६/११, कापा बैठक संख्या:८-०८०/८१

<u>प्रस्तावहरु</u>

८.१. गाउँपालिकाको वस्तुगत विवरण (Village Profile) अद्यावधिक सम्बन्धमा,

८.२. कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव स्वीकृत सम्बन्धमा,

८.३. नगर प्रहरी पदपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा सम्बन्धमा,

८.४ सिंचाई सम्बन्धी यन्त्र उपकरण अनुदान कार्यक्रमको निरन्तरता सम्बन्धमा,

८.५ रकम निकासा सम्बन्धमा,

८.६. विविध

<u>निर्णयहरु</u>

**८.१. गाउँपालिकाको वस्तुगत विवरण (Village Profile) अद्यावधिक सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको वस्तुगत विवरण (VILLAGE PROFILE) २०७४ सालमा बनिसकेकोमा हाल गाउँपालिकाका सबैजसो विवरण परिवर्तन भएकोले र कञ्चन गाउँपालिकाको आवधिक योजना, २०८०/८१-८५/८६, सडक गुरूयोजना २०८०, भूउपयोग नक्सा तथा २०७८ सालको राष्ट्रिय जनगणना, कृषि गणना समेतका आधारमा अद्यावधिक गरी समयानुकुल तथ्याङ्कहरूमा विश्वसनियता र वैद्यता कायम गर्नका लागि VILLAGE PROFILE अद्यावधिक गर्नुपर्ने भएकाले सेवा परामर्श शीर्षकबाट रू. ५ लाख रकम खर्च गर्ने गरी उपयुक्त परामर्शदाता मार्फत प्रस्ताव आव्हान गरी अद्यावधिक कार्य गर्नका लागि स्वीकृती दिने ।

**८.२. कार्यक्रम स्वीकृती तथा आर्थिक/संस्थागत सहायता सम्बन्धमा,**

क. ईलाका प्रहरी कार्यालय रूद्रपुर रूपन्देहीको चलानी नं. ११९ मिति २०८०-०६-०७ गतेको पत्रसाथ पेश भएको ईलाका प्रहरी कार्यालय रूद्रपुरद्वारा प्रस्तुत सामाजिक अपराध न्यूनिकरण र नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रमको कार्ययोजना २०८०/८१ अध्ययन गरी यस गाउँपालिका क्षेत्रभित्र शान्ति सुव्यवस्था, अमनचयन कायम गर्ने सन्दर्भमा लागू पदार्थ दुर्व्यसनिजन्य गतिविधिहरू अधिक रहेको, लागू पदार्थ सेवन गर्न चोरी गर्ने, ट्राफिक सचेतनाको कमी, आत्महत्या तथा दुरूत्साहन निरूत्साहन, बाल विवाह, बहुविवाह, घरेलु हिंसा, लैंगिक हिंसा लगायतका समसामयिक घटना समेटेर जनचेतनामुलक कार्यक्रम आयोजना गर्ने सम्बन्धी प्रस्तावना तथा कार्ययोजना स्वीकृत गर्ने र कार्यक्रम खर्च शीर्षकबाट प्रस्तावना बमोजिमको रू १,००,०००/- अक्षरूपी एक लाख रूपैयाँ बराबरको खर्च गाउँपालिकाले ब्यहोर्ने गरी कार्यक्रम गर्न स्वीकृती दिने ।

ख. कञ्चन गाउँपालिका वडा नं. २ सुगैयाताल स्थित श्री नव अभियान युवा क्लबले विजयादशमी २०८० को अवसरमा वडा स्तरीय फुटबल प्रतियोगिता सञ्चालनका लागि प्रस्ताव पेश गरेकोमा

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

उक्त कार्यक्रम लागि गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको व्यक्तिगत तथा संस्थागत आर्थिक सहायता ऐन बमोजिम खर्च हुने गरी (खर्च शीर्षक २७१११ सि.नं. १५७) शीर्षकबाट लागत साझेदारीमा गाउँपालिकाले रू.५०,०००/- बेहोर्ने गरी उक्त प्रतियोगिता सञ्चालन गर्न नव अभियान युवा क्लबले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने।

ग. श्री सामुदायिक रेडियो कञ्चन ९५.८ मेगाहर्ज साप्ताहिक रेडियो कार्यक्रम सबल कञ्चन हाम्रो अभियान कार्यक्रम सञ्चालन तथा प्रसारणका लागि प्रस्ताव पेश गरेकोमा उक्त कार्यक्रम लागि गाउँपालिकाको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रमको रेडियो तथा टेलिभिजन शीर्षकबाट खर्च हुने गरी (खर्च शीर्षक २२५२९ सि.नं. १५७) शीर्षकबाट लागत साझेदारीमा गाउँपालिकाले रू.१,००,०००/- बेहोर्ने गरी उक्त रेडियोले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने।

८.३. नगर प्रहरी पदपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८० को प्रारम्भिक मस्यौदा सम्बन्धमा,

मिति २०८०/०५/१५ मा गठित कार्यदलबाट पेश भएको नगर प्रहरी पदपूर्ति तथा व्यवस्थापन कार्यविधि,२०८० को प्रारम्भिक मस्यौदा माथि आवश्यक छलफल भयो । उक्त मस्यौदाको थप अध्ययन गरी आवश्यक परिमार्जन सहित अर्को बैठकमा पेश गर्ने ।

८.४. सिंचाई सम्बन्धी यन्त्र उपकरण अनुदान कार्यक्रमको निरन्तरता सम्बन्धमा

गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ मा गाउँसभाको १४औं अधिवेशनबाट स्वीकृत सिंचाई सम्बन्धी यन्त्र उपकरण ७५% अनुदान कार्यक्रम, गत आवको अपुरो काम निरन्तरता कार्यक्रम (सि.नं. २१६ र खर्च शीर्षक ३११२२) संचालनका लागि बजेट रू.२५,००,०००/- विनियोजन भएकोमा गत आवमा सिंचाई सम्बन्धी विभिन्न संरचना निर्माण र कृषि यान्त्रिकीकरणका लागि कृषकलाई अनुदान कार्यक्रम अन्तर्गत सिंचाई सम्बन्धी यन्त्र उपकरण मागको लागि प्रकाशित सूचना अनुसार प्राप्त हुन आएको आवेदनमध्ये छनौटमा परेका कृषक/कृषक समूह/कृषि फर्म/उपभोक्ता समिति/कृषि सहकारीहरूलाई वितरण गर्न विद्युतीय सिंचाई उपकरण तर्फ १० वटा समरसिबल मोटर र १६ वटा ईलेक्ट्रिक मोटर खरीदको लागि गाउँपालिकाको लागत सहभागिता वापतको ७५% रकम रू.७,००,००० विनियोजन गर्ने ।

८.५. रकम निकासा सम्बन्धमा

कञ्चन गाउँपालिकाको आव २०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत हरैया क्याम्पसलाई क्याम्पसको खातामा सोझै भुक्तानी हुने गरी अनुदान शीर्षकमा रू २५००००० अक्षरूपी पच्चिस लाख मात्र विनियोजन भएकोमा उक्त क्याम्पसलाई दिने अनुदान क्याम्पसका प्राध्यापक तथा कर्मचारीको तलब भत्ता तथा समग्र क्याम्पसको अन्य व्यवस्थापन खर्च वापतको रकम रहेको व्यहोरा प्रमाणित गर्दै गाउँपालिका भित्रको पुरानो एकमात्र क्याम्पस भएको र उक्त क्याम्पसको संरक्षण व्यवस्थापन र

संचालनमा गाउँपालिकाको जिम्मेवारी समेत रहेको विषय मनन गर्दै उक्त रकम क्याम्पसले नै खर्च गर्ने, लेखा राख्ने र लेखापरीक्षण गराउने जिम्मेवारी सहित क्याम्पसको खातामा सोझै निकासा दिने ।

८.६. विविध

**क. परिचयात्मक संकेत बोर्डहरू जडान सम्बन्धमा**

गाउँपालिकाका मुख्य सिमा नाकाहरू र गाउँपालिकामा प्रवेश गर्ने मुख्यद्वारहरूमा गाउँपालिका जाने संकेत सूचकहरू नभएको हुँदा जनमानस र सेवाग्राहीहरूमा अन्यौलता र द्विविधा सृजना भई अन्य व्यक्तिको सहयोग माग्नुपर्ने आवश्यकता रहेको भनि पटक-पटक जनगुनासो प्राप्त हुन आएको हुँदा गैडहवा, सैनामैना, गाउँपालिका लगायत छिमेकी गाउँपालिकाबाट प्रवेश गर्ने मुख्य सिमा नाका र सहायक सिमा नाकाहरूमा आवश्यकता अनुसार देहाय बमोजिमका संकेत बोर्डहरू राख्ने ।

देहाय

**१. मुख्य सिमा नाका**

कञ्चन गाउँपालिकामा तपाईलाई हार्दिक स्वागत छ/सिमा प्रारम्भ (एकपट्टी)

कञ्चन गाउँपालिकाको भ्रमण गर्नुभएकोमा धन्यवाद यहाँको यात्रा सफल रहोस्/सिमा समाप्त (अर्को तर्फ)

**२. सहायक सिमा नाका**

कञ्चन गाउँपालिकाको कार्यालय जाने बाटो लगायत आवश्यक संकेत सूचक चिन्हहरू

**ख. CCTV जडान सम्बन्धमा**

- कञ्चन गाउँपालिकाभित्र हुने अपराधिक घटना र चोरीका कार्यहरू बढ्दै गएको भनि पटक-पटक जनगुनासो प्राप्त हुन आएकाले शान्ति सुरक्षा कायम गर्न र गाउँपालिकाभित्रका अपराधिक गतिविधिलाई नियमन गर्नका CCTV जडानका लागि ईलाका प्रहरी कार्यालय रूद्रपुरको पत्रबाट समेत लिखित अनुरोध भई आएको।
- गाउँसभाबाट सि.नं. २१५ CCTV क्यामेरा जडान तथा जडान भएका CCTV क्यामेराको मर्मत (बेलभरिया चोक, हात्ती बजार चोक, फायरलाईन चोक तथा अन्य मुख्य-मुख्य चोकमा) खर्च शीर्षक नं. ३११२२ बाट बजेट समेत विनियोजन भएको ।
- उक्त सन्दर्भमा पुराना स्थानहरूमा रहेका CCTV क्यामेराहरूलाई मर्मत गरी बेलभरिया चोक, हात्ती बजार चोक, फायरलाईन चोक, पिपरीचापा चोक, शान्ति नगर चोक, धौलागिरी चोक लगायतका मुख्य स्थानमा CCTV क्यामेरा जडान गरी उक्त CCTV क्यामेरा संरक्षण रेखदेख र नियन्त्रण गर्ने जिम्मेवारी सहित ईलाका प्रहरी कार्यालय रूद्रपुरलाई हस्तान्तरण गर्ने साथै प्रत्येक चोक-चोकबाट प्रहरी कार्यालयसम्म फाइबर तार जडानको लागि ठूलो खर्च लाग्ने भई बजेट अप्रयास हुने हुँदा कुनै इन्टरनेट सेवा

मिति : २०८०/०६/११, कार्य बैठक संख्या:८-०८०/८१

प्रदायक संस्थासँग सम्झौता गरी वार्षिक रूपमा भाडा तिर्ने गरी फाईबर नेटवर्क प्रयोग गर्नका लागि अध्यक्षलाई अख्तियारी दिने ।

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा.पा. अध्यक्ष

कञ्चन गाउँपालिका